सुनवर्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डाईनियाँ, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं.
च.नं.

मिति:२०८३।०६।०५

## भारी वर्षाको सम्भावना रहेकाले उच्च सतर्कता अपनाउने सम्बन्धी सूचना।

नेपाल मौसम विज्ञान विभागद्वारा मिति २०८३ असोज ५ गते जारी विशेष मौसमी बुलेटिन अनुसार असोज ९ गते शुक्रबारदेखि ११ गते आइतबारसम्म विभिन्न स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ।

उक्त अवधिमा भारी वर्षाका कारण नदी तथा खोलामा पानीको बहाव बढ्ने, आकस्मिक बाढी, पहिरो, गेग्रान बहाव तथा डुबान हुन सक्ने र सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने जोखिम रहेको छ। तसर्थ, यस नगरपालिका स्थित जोखिमयुक्त क्षेत्रका बासिन्दा तथा आम नागरिकलाई देहायबमोजिम उच्च सतर्कता अपनाउन अनुरोध गरिन्छः

- नदी तथा खोला किनार, पहिरोको जोखिम भएका भूभाग, भिरालो जमिन तथा डुबान हुन सक्ने क्षेत्रमा विशेष सावधानी अपनाउने।
- जोखिमको सङ्केत देखिएमा समयमै नजिकको सुरक्षित स्थानमा जाने र स्थानीय तह तथा सुरक्षा निकायसँग समन्वय गर्ने।
- अति आवश्यक अवस्थामा बाहेक लामो दूरी तथा रातिको समयमा यात्रा नगर्ने। यात्रा गर्नुअघि सडक तथा मौसमको अवस्थाबारे जानकारी लिने।
- बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा विरामी व्यक्तिको सुरक्षामा विशेष ध्यान दिने।
- पशुचौपाया, खाद्यान्न, औषधि, महत्वपूर्ण कागजात तथा अन्य आवश्यक सामग्री सुरक्षित स्थानमा राख्ने।
- नेपाल मौसम विज्ञान विभाग, सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सुरक्षा निकायबाट जारी हुने आधिकारिक पूर्वानुमान, पूर्वसूचना र चेतावनीबारे नियमित जानकारी लिने तथा निर्देशनको पालना गर्ने।

साथै, सुनवर्षी नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु , सुरक्षा निकाय, स्वयंसेवक तथा अन्य सरोकारवाला सबैलाई आवश्यक पूर्वतयारीसहित सतर्क अवस्थामा रहन र जोखिममा रहेका नागरिकलाई समयमै सुरक्षित स्थानमा स्थानान्तरण गर्न अनुरोध गरिन्छ।

वर्षा तथा बाढीको जानकारीका लागिः ११५५
विपद् सहायताः १२३४
नेपाल प्रहरीः १००
सशस्त्र प्रहरी बल, नेपालः ११४
1820 1 2002/516
स्थानीय विपद सम्पर्क व्यक्ति
९८१६३३५६७३, ९७६१३६३३७३
एम्बुलेन्स: 9811378572

..........................
हिमालय बराल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत



CamScanner